सम्वृद्धिको 'जग' भैसीपालन । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेलः
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-१२ ● २०७७ असोज १९ गते सोमबार, ● 05 Oct. 2020, ● नेपाल सम्वत्-११४०, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरमा चार कोल्ड स्टोर

रामकुमार कार्की
थाहा नगर

मकवानपुरको थाहा नगरपालिका क्षेत्रमा कोल्ड स्टोर (शीत भण्डार)को संख्या ४ वटा हुने भएको छ । आलु तथा तरकारीबालीमा ख्याती प्राप्त थाहानगरमा कोल्ड स्टोरको माग बढेसंगै यसको संख्या पनि बढेको हो । तत्कालिन जिल्ला कृषि विकास कार्यालय मकवानपुरको सहयोगमा गाउँ-गाउँमा साना शीत भण्डारहरू निर्माण भएको भएपनि कृषकको माग धान्न नसक्ने भएपछि स्थानीय तह, सहकारी, तथा निजीक्षेत्रको समेत लगानीमा कोल्ड स्टोरहरू निर्माण हुन थालेका हुन् । थाहानगरमा सबैभन्दा बढि क्षमताको शीत भण्डार थाहा-३ को विकास चौरमा निर्माणाधिन छ । उक्त थाहानगर शीत भण्डारको निर्माण तीब्र गतिमा अघि बढिरहेको छ । नगर क्षेत्रमा उत्पादीत तरकारी लामो समयसम्म टिकाइ राख्नका लागि शीत भण्डार निर्माण प्रक्रिया अघि बढाइएको हो । विशेषगरी आलुको विउ राख्न तथा उत्पादित आलु शीत भण्डारको अभावमा कुहिएर खेर जाने, किसानले उचित मूल्य नपाउने र काठमाडौंमा बढी मूल्य तिरेर भण्डारण गर्नुपर्ने समस्याको अन्त्य गर्न कोल्ड स्टोरको निर्माण थालिएको हो ।



फोटोः गणेश विष्ट/विकास

कार्तिक २०७५ बाट निर्माण सुरू गरिएको शीत भण्डार गत महिना भदौबाट संचालनमा ल्याउने लक्ष्य लिइएको थियो । तर, कोरोनाका कारण कामदार घर फर्किएको र भवन निर्माण सामाग्री नपाउँदा केहि समय ढिलाइ हुँदा २०७८ बाट संचालनमा आउने नगर प्रमुख लवशेर बिष्टले बताए । थाहा नगरपालिकास्थित विकास चौरमा १५ रोपनी क्षेत्रफलमा निर्माण थालिएको शीत भण्डार भवन र मेसिनसहित १५ करोड ८७ लाख लागत अनुमान गरिएको छ । थाहा नगर, कैलाश र इन्द्रसरोवर गाउँपालिकामा उत्पादित तरकारी भण्डारणका लागि निर्माणाधिन शीत भण्डार संचालनमा आएपछि त्यस क्षेत्रका शत प्रतिशत किसान लाभाम्भित हुने बिष्टको दाबी छ । निर्माणका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बागमती प्रदेशको ७० प्रतिशत अनुदान र त्यस क्षेत्रमा संचालित २७ वटा सहकारीहरूको ३० प्रतिशत लगानी छ । मन्त्रालयले ८ करोड ३ लाख रूपैयाँ अनुदान दिएको छ ।

शीत भण्डार नहुँदा त्यस क्षेत्रका करिब ८५ प्रतिशत किसानले समस्या भोग्नु परेको बिष्टको भनाइ छ । अन्यत्र भण्डारण गर्दा एक किसानले ५० किलोको ६ सय रूपैयाँसम्म तिनुपर्ने बाध्यकारी अवस्थाका कारण ठूलो आर्थिक भार खेप्नु परेको उनले प्रतिक्रिया दिए । शीत भण्डार संचालनमा आएपछि एक पटकमा १७ सय मेट्रिक टन भण्डारण गर्न सकिने र ७ महिनासम्म राख्न सकिने बिष्टले जानकारी दिए । शीत भण्डारबाट ५० हजार बढी किसानलाई प्रत्यक्ष प्रभाव पार्ने नगरपालिकाको अनुमान छ ।

### साना किसान केन्द्रित शीत भण्डार

थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको साना किसान कृषि सहकारी संस्थाले ३ वर्षअघिबाट शीतभण्डार संचालन गर्दै आएको छ । नेपाल सरकारको २० लाख र सहकारीको करिब ६० लाख रूपियाँको लागतमा कोल्ड स्टोर निर्माण गरिएको व्यवस्थापक ध्रुव विडारीले जानकारी दिए ।

शीतभण्डारमा सहकारीमा आवद्ध कृषकहरूले प्रत्येक्ष लाभ लिइरहेको व्यवस्थापक ध्रुव विडारीले जानकारी दिए । उनले भने-'आगामि वर्षबाट भने खुल्ला सुचना गरिनेछ ।' ५५ टन क्षमताको

बाँकी पेज ४ मा

## चित्लाङः प्राचीन मार्गको स्तरोन्नती

◆ विकास संवाददाता

नेपालको प्राचीन मार्गको रूपमा रहेको भीमफेदी-कुलेखानी-चित्लाङ-थानकोट मार्गको स्तरोन्नति गरिने भएको छ । पुरातात्विक, ऐतिहासिक, धार्मिक महत्वका सम्पदाले भरिपूर्ण चित्लाङलाई जोड्ने भीमफेदी-कुलेखानी-चित्लाङ-थानकोट मार्गको स्तरोन्नति गरिने भएको हो । बागमती प्रदेशको भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँलले ऐतिहासिक चित्लाङ सडकको स्तरोन्नति गर्न तीनै तहको सरकारको समन्वयमा काम अगाडि बताए ।

त्रिभुवन राजपथ सञ्चालनमा आउनुअघि चित्लाङ काठमाडौं उपत्यकाको प्रवेशद्वारको रूपमा रहेको थियो । साविकको चित्लाङ गाउँ हाल थाहा नगरपालिका-९ र १० मा रहेको छ । २३ सय वर्ष पुरानो यस गाउँमा लिच्छिवीकालीन वास्तुकला र सम्पदा रहेका छन् । लिच्छवीकालदेखि नै काठमाडौंबाट तराईतर्फ लाग्ने मानिस चन्द्रागिरि डाँडो पार भएर चित्लाङ हुँदै जाने गर्थे ।

घटना दर्ता किताब डिजिटाइजेशन (Digitization) गर्नका लागि परामर्श सेवा खरिद सम्बन्धि सूचना !

(प्रथम पटक प्रकाशित २०७७ असोज १९ गते)

नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार, काठमाडौंको प्राप्त पत्रानुसार व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद) सम्बन्धि कार्यलाई व्यवस्थित गर्न घटना दर्ता किताबलाई डिजिईजेशन Digitization गर्ने कार्य सञ्चालन गर्नुपर्ने भएकोले उक्त कार्यका लागि परामर्श सेवा खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था वा कम्पनिहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा आवश्यक कागजातहरु सहित सिलबन्दी दरखास्त पेश गर्नका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु :

१. दर्ता प्रमाण पत्र
२. आ.ब. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र
३. PAN/VAT दर्ता प्रमाण पत्र
४. आवश्यक न्युनतम जनशक्ति तथा उपकरण
५. Digitization मा गर्नुपर्ने कार्य विवरण (TOR) कार्यालय समयमा रु.१,०००/- (एक हजार रुपियाँ) राजश्व शाखामा तिरि लिन सकिनेछ ।

*नोट : थप जानकारीको लागि फोन नं.: ०५७-४०००५६ र ०५७-४०००६६*

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

सामाजिक सुरक्षा कोषमा आवद्धता
सुरक्षित जीवनको सुनिश्चितता ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग विभाग

# स्थानीय सरकारका तीन वर्ष:
# आश गर्ने ठाउँ छ है !

प्रजातान्त्रिक अभ्याससँगै स्थानीय नेतृत्वमा पनि निखार आइरहेको अनुभव हुन्छ। स्थानीय सरकारमा रहेका जनप्रतिनिधिका आत्मविश्वासले भरिएका अन्तरवार्ता र कतिपय मेयर तथा अन्य जनप्रतिनिधिले "आफैं उदाहरणीय' बनेर गरेका कामले आशाको किरण देखाउँछन् । योजना संख्या हिसाबले धेरै काम भए पनि पर्याप्त प्राविधिक क्षमताको कमीले यिनको गुणस्तरमा प्रश्न गर्ने ठाउँ भने अवश्य छ। तर क्षमता एकाएक निर्माण हुने पनि होइन । यसमा त संघ र प्रदेश सरकारबाट ठोस पहल सुरु गरिनुपर्छ ।



महेश पराजुली

२०७४ असोज २ सम्पन्न निर्वाचनलाई अन्तिम चरण मान्दा संघीय प्रणाली अन्तर्गत सबै स्थानीय सरकारले स्थानीय शासनको कार्यभार सम्हालेको तीन वर्ष पूरा भएको छ। तीन वर्ष समयावधि कार्यसम्पादनका हिसाबले कम होइन ।

स्थानीय सरकारका कामकारबाहीका बारेमा आलोचना तथा प्रशंसा दुवै छन केही 'निराशावादी' ले भन्ने गरे जस्तो स्थानीय तहमा सबै बिग्रिएको पक्कै होइन । तर सबै राम्रो पनि भएको अवश्य छैन । ७५३ स्थानीय सरकारहरूमा केही अब्बल देखिएका छन् त केहीको अवस्था दयनीय छ, दुर्बल छ ।

वैज्ञानिक विधिमा आधारित भई यति धेरै स्थानीय सरकारको कार्यसम्पादनको वस्तुनिष्ठ मूल्यांकन गर्न समय र श्रम दुवै चाहिन्छ जुन संस्थागत रूपमै हुनुपर्छ। यस अर्थमा यो लेख विगत तीन वर्षको सामान्य समीक्षा मात्रै हो । सर्वप्रथमत: एउटा राज्यले स्थानीय सरकारसँग के अपेक्षा राखेको हुन्छ त? यसबारे कुरा गरौं ।

स्थानीय सरकारहरू जनतानजिक रहेर काम गर्छन् । यस कारण यिनले स्थानीय समुदायका दैनन्दिन् आवश्यकता परिपूर्ति गर्न सहयोग गरिदिऊन् र शिक्षा, स्वास्थ्य, न्यूनतम रोजगारी जस्ता आधार भूत कुरा सरल सुलभ प्राप्त होस् भन्ने नै जनताको अपेक्षा रहन्छ । स्थानीय सरकारसँगका यस्ता अपेक्षालाई कतिपय देशमा कानुनमा नै लिपिबद्ध गरिएका हुन्छन् । जस्तो, दक्षिण अफ्रिकामा संविधानमा नै स्थानीय समुदायलाई प्रजातान्त्रिक एवं उत्तरदायी सरकार दिनु, सेवा प्रवाह सुनिश्चिता गर्नु, आर्थिक तथा सामाजिक विकास गर्न टेवा पुर्याउनु, जनतालाई स्थानीय स्तरमा स्वस्थ र सुरक्षित वातावरण उपलब्ध गराउनु र जनताको सहभागितालाई प्रवर्द्धन गर्नुलाई स्थानीय सरकारका प्रमुख कार्यभारका रूपमा राखिएको छ।

नेपालको संविधानमा स्पष्टरूपमा स्थानीय सरकारसँगका अपेक्षाका बारेमा नलेखिए पनि स्थानीय सरकार संचालन ऐन २०७४ लाई हेर्दा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता स्थापित गरी स्थानीय स्तरमा प्रभावकारी सेवाप्रवाह होस् र प्रजातन्त्रका लाभबाट सबै वर्ग, लिंग, जातजातिले फाइदा लिनसकून् भन्ने चाहना राज्यले स्थानीय सरकारसँग राखेको देखिन्छ।

यसरी संसारको अनुभव हेर्दा मुख्यत: प्रजातान्त्रिक प्रणालीको सम्वर्द्धन होस्, शासनमा जनताको सहभागिता बढोस्, जनताले आधारभूत सेवाहरू सहजै पाऊन् र स्थानीयस्तरमा दिगो सामाजिक तथा आर्थिक विकासको अभियान नै सञ्चालन हुन सकोस् भन्ने नै स्थानीय सरकारसँग गरिने विश्वव्यापी अपेक्षा देखिन्छन् । यी विश्वव्यापी अपेक्षामा नेपालका स्थानीय सरकार कत्तिको खरो उत्रिए त?

पहिलो कुरा त स्थानीयस्तरमा वर्षौंपछि पुन: प्रजातान्त्रिक अभ्यास थालनी भएको छ। यो संस्थागत हुने क्रममै छ। करिब चालीस हजार हाराहारीमा जनप्रतिनिधि निर्वाचित भई शासनको अभ्यास गरिराखेका छन लैंगिक र समावेशी हिसाबले आशलाग्दो प्रतिनिधित्व भएको वर्तमान अवस्थालाई विश्वको कुनै पनि लोकतान्त्रिक इतिहासमा कम मानिँदैन । स्थानीय लोकतन्त्र बलियो भएको अवस्था छ ।

प्रजातान्त्रिक अभ्याससँगै स्थानीय नेतृत्वमा पनि निखार आइरहेको अनुभव हुन्छ। स्थानीय सरकारमा रहेका जनप्रतिनिधिका आत्मविश्वासले भरिएका अन्तरवार्ता र कतिपय मेयर तथा अन्य जनप्रतिनिधिले 'आफैं उदाहरणीय' बनेर गरेका कामले आशाको किरण देखाउँछन् ।

आफ्ना लागि गाडी किन्नु साटो उक्त रकमले पोलिटेक्निक इन्सिटिच्युट खोल्न तम्सिने कनकाई नगरपालिकाका मेयर भनौं वा आफूलाई ज्यान मार्ने धम्की दिने व्यक्तिलाई रिहा गर्न आग्रह गर्ने ललितपुरका मेयर, यस्ता धेरै उदाहरण छन् जसले स्थानीय नेतृत्व खारिँदैछ, परिपक्व बन्दैछ भन्ने देखाउँछ । यसका बावजुद कतिपय जनप्रतिनिधि नै गैरकानुनी लेनदेनमा सामेल हुनु, बलात्कार, बहुविवाह जस्ता अपराधमा संलग्न हुने केही 'केस' ले भने स्थानीय तहको नेतृत्वमा नैतिकता कसरी प्रवर्द्धन गर्ने भन्ने चुनौती थपिएको महशुस हुन्छ ।

दोस्रो, जनप्रतिनिधि बहाल भएपछि स्थानीय शासन प्रणालीमा जनताको सहभागिता बढेको छ। नेपालले सन् असी दशकदेखि नै यसको अभ्यास गर्दै आएको हो। विगतमा निर्वाचित पदाधिकारी नभएका समयमा पनि कुनै न कुनै किसिमले जनताको भागिदारी स्थानीय तहमा थियो । हाल यो प्रक्रियाले तीव्रता पाएको छ ।

विकास योजनाको सञ्चालनमा, खबरदारीमा समुदायहरू सक्रिय छन् । आफ्नो घरदैलोको सरकारले के राम्रो गऱ्यो र के गरेन, मानिसहरूले चनाखो भएर हेर्न थालेका छन् । स्थानीय तहमा अधिकांश विकास योजना उपभोक्ता समिति मार्फत गरिने भएकाले देशभर गठित हजारौं उपभोक्ता समिति माध्यमबाट लाखौं जनताले विकासमा सहभागिता जनाइराखेका छन् ।

यसमा चुनौती भनेको कसरी तिनको काम गुणस्तरीय बनाउने र सहभागिता अर्थपूर्ण बनाउने भन्ने मात्र हो । कतिपयले सहभागिताको नाममा विकासमा स्थानीय 'ठूलाठाल' को कब्जा भयो, आफ्ना कार्यकर्तालाई बढी लाभ र संरक्षण गरियो भन्ने आरोप लगाए पनि आखिर जनपरिचालन गाउँमै भएको छ, नगरमा भएको छ, केन्द्रमा होइन ।

दोस्रो, विगतभन्दा जनतालाई दिइने सेवामा पनि सुधार आएको छ । शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायत धेरै अधिकार तल गइसकेका र सोसँग सम्बन्धित कार्यालय स्थानीय तहमा गाभिइसकेका हुनाले सेवा पहिलेभन्दा छिटोछरितो भएको छ ।

उदाहरणका लागि: धेरै स्थानीय सरकारले सामाजिक सुरक्षा भत्ता सम्बन्धितको बैंक खाता वा घरदैलोमै दिने परिपाटी होस् वा दोलखाको तामाकोशी गाउँपालिकाले आफ्ना गाउँबासीको कोरोना बीमा गरिदिने पहल होस्, सबै स्थानीय तहले जनतालाई दिइने सेवामा केही न केही नवीनता र छरितोपन ल्याउन खोजेका छन

केही कमी कमजोरीका बाबजुद कोरोना व्यवस्थापनमा स्थानीय सरकारले खेलेको भूमिका जति प्रशंसा गरे पनि पुग्दैन । पर्याप्त जनशक्तिको अभावका कारण जुन किसिमले सेवाप्रवाहमा परिष्कार आउनुपर्थ्यो, त्यो अवश्य भएको छैन तर तीन वर्ष पहिले र अहिलेको तुलना गर्दा हालको अवस्था निश्चय नै राम्रो छ ।

कृषि, शिक्षा लगायत क्षेत्रमा अधिकांश अधिकारहरू संविधानत: स्थानीय तहमा गइसके पनि तीन तहका सरकारबीच पर्याप्त समन्वय हुन नसक्दा कतिपय सेवा वितरण प्रणालीमा अन्यौल पक्कै देखिन्छ। कसले खरिद गर्ने र वितरण गर्ने भन्नेजस्ता आधारभूत कुरामा पनि समन्वय हुन नसक्दा रासायनिक मलजस्तो आधारभूत वस्तु समयमै किसानका खेतमा पुर्‍याउन नसकिएको अवस्था मध्यनजर गर्दै भोलिका दिनमा मलको सहज आपूर्तिको विकल्प के भन्नेबारे बेलैमा स्थानीय सरकारले गम्भीर भएर सोच्नु पर्ने बेला आएको छ ।

स्थानीयस्तरमा ससाना पूर्वाधारको निर्माणमा गति आएको छ। जनताको माग अत्यधिक भएर होला अधिकांश स्थानीय सरकारको बजेटको ठूलो हिस्सा पूर्वाधार निर्माणमा नै विनियोजित छ। गाउँनगर तहमा सडक, कल्भर्ट, कुलो जस्ता ससाना पूर्वाधार निर्माणमा उल्लेखनीय काम भएका छन मठ मन्दिर, मस्जिद, स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माणमा पनि यस बीचमा केही काम भएका छन् ।

योजना संख्या हिसाबले धेरै काम भए पनि पर्याप्त प्राविधिक क्षमताको कमीले यिनको गुणस्तरमा प्रश्न गर्ने ठाउँ भने अवश्य छ। तर क्षमता एकाएक निर्माण हुने पनि होइन । यसमा त संघ र प्रदेश सरकारबाट ठोस पहल सुरू गरिनुपर्छ । राज्यको समग्र खर्चमा करिब एक-चौथाइ खर्च स्थानीय तहबाट भइराखेकाले पनि वित्तीय कार्यकुशलताको विषय सबैको प्राथमिकतामा पर्नु जरूरी भइसक्यो।

बाँकी पेज ३ मा

## • सम्पादकीय •

## सामाजिक सुरक्षामा सरकारको गलत बाटो

सरकारले उपलब्ध गराउँदै आएको ६० वर्षमुनिका एकल महिला र निलो परिचयपत्र प्राप्त ख वर्गका अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता रोकेपछि यसको सर्वत्र विरोध भएको छ। सरकारले सामाजिक सुरक्षा ऐन २०७५ मा त्रुटि रहेको र यसमा हेरफेर गर्नुपर्ने भन्दै ६० वर्षमुनिका एकल महिला र अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा भत्ता रोकेको छ। यसले समाजमा अप्ठ्यारो अवस्थामा रहेका अपाङ्ग तथा एकल महिला झन समस्यामा परेका छन्। विश्वव्यापीरुपमा फैलिरहेको कोभिड-१९ बाट समेत प्रभावित भएको वर्तमान अवस्थामा विगतदेखि प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्तासमेत रोकिँदा यो वर्गमा चिन्ता थपिनु स्वाभाविक छ। संकटका बेला अपेक्षा गरिने राहतको सट्टा सामाजिक सुरक्षा भत्ता काट्ने कुरा सर्वथा गलत छ। सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिअनुसार ६० वर्षमुनिका एकल महिलाले मासिक दुई हजार रुपैयाँ र ख वर्गका अपाङ्गता भएका व्यक्तिले मासिक एक हजार छ सय रुपैयाँ भत्ता पाउँदै आएका थिए। पछिल्लो कानुनमा ख वर्गका अपाङ्गता भएका व्यक्तिलाई पूर्णरूपमा हटाइएको छ भने ६० वर्षमुनिका एकल महिलाको हकमा सरकारले तोकेकोभन्दा न्यून आय भएकालाई मात्रै दिने प्रावधान राखिएको भए पनि न्यूनतम आय भनेको कति हो भन्ने विषयमा कानुन मौन छ।

सामाजिक सुरक्षा ऐन २०७५ र नियमावली २०७६ को संशोधनबिना रोकिएका यी सामाजिक सुरक्षा भत्ता पाउन सम्भव हुँदैन। सरकारको तथ्यांकअनुसार देशभर दुई लाख व्यक्तिले अपाङ्गता परिचयपत्र लिएका छन्। यसमध्ये ५१ हजार नौ सय चारजना पूर्ण अपाङ्गता भएका व्यक्ति र ९७ हजार जना अतिअशक्त/अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन्। निलो कार्ड अति अशक्त व्यक्तिहरुले पाउने 'ख' वर्गको कार्ड हो। यो कार्ड पाउने वर्गमा कम्मरमुनि आधा शरीर नचल्ने 'स्पाइनल इन्जुरी' भएकादेखि पूर्ण दृष्टिविहीनसहित जीवनका क्रियाकलाप गर्न र सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तररुपमा अरुको सहयोग लिने व्यक्तिहरू पर्छन्। दृष्टिविहीन, दुबै खुट्टा नभएका, कान नसुन्ने, बौद्धिक अपाङ्गता भएका र बहुअपाङ्गता भएका व्यक्ति पनि यो वर्गमा पर्छन्। जसले दिसा पिसाब गर्न पनि अरुको भर पर्नुपर्छ त्यस्ता व्यक्तिलाई थोरै भए पनि राहत पुगेको थियो। तर सरकारले गरेको निर्णयले उनीहरुलाई थप पीडा भएको छ। यस्तै एकल महिलाको संख्या छ लाखको हार हारीमा छ। वि.सं. २०६६ सालमा सर्वोच्च अदालतले उमेरको हदबन्दी हटाएपछि जो असहाय र विपन्न छन्, जसले दोहोरो सुविधा लिइरहेका छैनन् ती एकल महिलाले भत्ता पाइरहेका छन्। उनीहरुले शुरुमा पाएको पाँच सय रुपैयाँको सुविधा बढेर दुई हजारसम्म पुगेको छ। यो एकल महिलाका लागि ठूलो सहयोग हो।

सरकारको सामाजिक सुरक्षाअन्तर्गतको यो कार्यक्रमले अपहेलित र तिरस्कृत जीवन जिउन बाध्य उक्त समुदायमा आर्थिक र सामाजिक रुपमा सकारात्मक प्रभाव पर्नुका साथै उनीहरुमाथि हुने विभेदजन्य व्यवहार तथा हिंसामा केही कमी आएको थियो। नेपालको संविधानको धारा ४३ मा व्यवस्था गरेको सामाजिक सुरक्षाको हक समेतको प्रतिकूल हुन्छ। यसैबीच संघीय संसद, प्रतिनिधिसभा अन्तर्गतको महिला तथा सामाजिक समितिले दिँदै आएको सामाजिक सुरक्षा वापतको भत्ता नरोक्न नेपाल सरकार गृहमन्त्रालयलाई निर्देशन पनि दिएको छ। संसदीय समितिको यो निर्देशन तत्काल कार्यान्वयनमा लैजानुका साथै कानुनी बाधा हटाउन सरकार संवेदनशील बन्नैपर्छ। एकल तथा अपाङ्गता भएका नागरिकको सामाजिक सुरक्षा बापतको रोकिएको भत्ता उपलब्ध गराउन तत्परता देखाउनुपर्छ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय सरकारका तीन वर्ष ....

हालसम्म चालीसभन्दा बढी स्थानीय सरकारले यो आर्थिक वर्षको बजेट पास गर्न सकिराखेका छैनन यो अवस्थामा जनताको क्षमता र चाहना नबुझी आम्दानी बढाउने नाममा अनावश्यक कर लगाउने होडबाजी जस्ता कुराले आर्थिक कार्यकुशलतामा स्थानीय सरकारले अझै धेरै काम गर्न बाँकी छ भन्ने देखिन्छ ।

यीबाहेक स्थानीय तहले आफूलाई चाहिने आधारभूत कानुन निर्माणमा गरेका प्रगति र उपमेयर वा उपाध्यक्षको नेतृत्वमा रहने न्यायिक समितिले स्थानीय स्तरमा विवादको निरूपणमा देखाएको सक्रियता सकारात्मक काम हुन् । धेरै सकारात्मक कुराका बाबजुद केही विकृति पनि देखिएका छन् । स्थानीयस्तरमा भ्रष्टाचारको बढ्दो ग्राफ, आफ्ना सेवासुविधा बढाउने कुरामा तँछाडमछाड, अनि 'डोजर' र 'असारे' विकासका नाममा भइराखेका विकृतिले स्थानीय सरकारको छविमा दाग अवश्य लागेको छ । समग्रमा, हामी एकात्मक सरकारबाट बहुसरकार प्रणालीमा गएको वर्तमान अवस्थामा हरेक विषय सापेक्ष रूपमा हेरिनुपर्छ ।

के स्थानीय सरकारको अनुपस्थितिमा केन्द्रीय सरकारले आफ्नो संरचनामार्फत यी सबै काम गर्न सक्थ्यो त? उत्तर सजिलो छैन । यस अर्थमा स्थानीय सरकार जनताका अपेक्षा पूरा गर्ने सन्दर्भमा खरो उत्रिए त नभनौं तर सकारात्मक बाटोमा छन् भन्न सकिन्छ । कुनै सरकार आफैंमा परिपूर्ण हुँदैन । स्थानीय सरकारको सन्दर्भमा पूर्व अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले कुनै बेला भनेका थिए–निश्चय नै स्थानीय सरकारमा बेइमानहरू छन तर त्यस्ता बेइमान राष्ट्रिय सरकारमा पनि छन् ।

हाम्रो सन्दर्भमा पनि सबै तहका सरकारमा कमीकमजोरी छन् र बेइमान पनि छन अहिलेको आवश्यकता भनेको कसरी गल्तीबाट पाठ सिकेर समृद्धि र प्रगतिको बाटोमा अगाडि बढ्ने भन्ने हो । गएका तीन वर्ष विश्लेषण गर्दा यसका लागि स्थानीय सरकार हातेमालो गर्न तयार देखिन्छन् । खाँचो छ त मात्र तीनै तहका सरकारबीच समन्वय र सहकार्य । अनि एकअर्का प्रति इमानदारी !

(लेखक संघीय सरकारका उपसचिव छन्)

# कपडाको मास्क लगाउने र व्यवस्थापन गर्ने ९ तरिका

कोरोना भाइरसको संक्रमण फैलिरहेको समयमा विज्ञहरूले सबैलाई अनिवार्य रूपमा मास्क प्रयोग गर्न सुझाव दिइरहेका छन् । सकेसम्म सर्जिकल मास्क प्रयोग गर्ने र सर्जिकल मास्क नभएमा कपडाको भए पनि मास्क प्रयोग गर्न विज्ञको सुझाव छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि सकेसम्म घरबाहिर ननिस्कन र निस्कनै परेमा अनिवार्य रूपमा मास्कको प्रयोग गर्न जोड दिएको छ। मन्त्रालयले मास्क प्रयोग गर्ने तरिकाका विषयमा पनि जानकारी दिँदै आइरहेको छ ।

मन्त्रालयले सर्जिकल र कपडाको मास्क लगाउने तरिका र व्यवस्थापनका विषयमा पनि सुझाव सार्वजनिक गर्दै आइरहेको छ ।

**कपडाको मास्क लगाउने तरिका**

१. मिचिमिची कम्तीमा २० सेकेन्ड साबुन–पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने।

२. मास्क च्यातिएको छ कि छैन वा सफा छ कि छैन हेर्ने।

३. मास्क लगाउँदा डोरीमा समाई अनुहारमा टम्म मिल्ने गरी लगाउने ।

४. नाक, मुख र च्युँडो ढाकिने गरी लगाउने ।

५. सकभर मास्कलाई हातले नछुने।

६. डोरी मात्र समाई मास्क फुकाल्ने ।

७. कपडाको मास्कलाई फेरि प्रयोग गर्न मिल्छ। फुकालेको मास्कलाई सफा र सुख्खा हुनेगरी राख्ने।

८. मास्क फुकालेपछि साबुन–पानीले मिचिमिची कम्तीमा २० सेकेन्ड हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।

९. प्रयोग गरेको मास्कलाई हरेक दिन साबुन–पानीले धुने र घाममा सुकाउने ।

# स्वाब लिँदा भएको कमजोरीले बिरामीको ब्रेनमा गम्भीर असर



अमेरिकामा कोरोना भाइरस रोगको पहिचानका लागि स्वाब संकलनका क्रममा भएको कमजोरीले एक महिलाको ब्रेनमा गम्भीर असर पुगेको तथ्य खुल्न आएको छ । स्वाब लिने क्रममा ब्रेनको धर्कामा छोइ नाकबाट तरल पदार्थ चुहिएको र यसले ब्रेनमा दीर्घकालिन संक्रमणको जोखिम बढाएको अध्ययनले देखाएको छ ।

४० वर्षकी महिलामा यस्तो समस्या देखिएको चिकित्सकहरूले बताएका छन् र यस तथ्यलाई टाउको तथा घाँटी सर्जरी सम्बन्धी अनुसन्धान र अध्ययन गर्ने जर्नल जामामा प्रकाशित गरिएको छ ।

प्रकाशित अध्ययनको वरिष्ठ लेखक जारेट वाल्शले यस घटनाले स्वाब संकलन गर्दा स्वास्थ्यकर्मीहरूले पूर्ण सावधानी अपनाउनुपर्ने पाठ सिकाएको बताउनुभयो । यस्तो अब घटना दोहोरिन नदिन स्वाब संकलन गर्ने स्वास्थ्यकर्मीलाई अनिवार्य तालिम दिनुपर्ने सुझाव अध्ययनमा औंल्याइएको छ ।

सर्जरी गर्नुपूर्व ती महिला स्वाब परीक्षणका लागि अस्पताल जानुभएको थियो । स्वाब निकालेपछि महिलाको नाकको एक भागबाट तरल पदार्थ बगिरहेको देखियो । त्यसपछि महिलालाई टाउको दुख्ने, बान्ता हुने, घाँटी दुख्ने, आँखा नदेख्ने जस्ता समस्या थपिएपछि विशेष केयर युनिटमा राखी उपचार गरिएको थियो । अहिले महिलाको अवस्था सामान्य रहेको जनाइएको छ । 'इलेक्टिभ सर्जरी गर्नुअघि ती महिलाले दोस्रो पटक स्वाब दिनुभएको थियो । पहिलो पटकको समयमा स्वाब दिँदा भने उहाँलाई कुनै पनि समस्या देखिएको थिएन तर दोस्रो पटक स्वाब निकाल्ने क्रममा सायद सावधानी अपनाइएको थिएन, वाल्शले भन्नुभयो, 'स्वाब स्टिक नाकको धेरै भित्र पसाइएको थियो, जसले ब्रेनको धर्कौलाई छोई प्वाल बनायो र ब्रेनमा तरल पदार्थ चुहियो ।' महिलाको धेरै वर्ष अगाडि पनि मस्तिष्कमा उच्च रक्तचाप (इन्ट्राकानियल हाइपरटेन्सन) बढेपछि उपचार गरिएको थियो । मष्तिष्कमा एक प्रकारको तरल पदार्थ हुन्छ जसले मष्तिष्कलाई सन्तुलित राखी जोगाउँछ ।

वाल्शका अनुसार महिलामा यस्तो समस्या देखिनुमा स्वाब निकाल्ने क्रममा ब्रेनको लाइनमा छोएको र त्यसपछि संक्रमणले यस्तो अवस्था सृजना भएको हो ।

# मंसिर ११ र १२ गते ५ वर्षमुनिका बालबालिकालाई भिटामिन 'ए' खुवाइने



फाइल फोटो

नियमित कार्यक्रम अन्तर्गत राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम आगामी मंसिर ११ र १२ गते सञ्चालन हुने भएको छ । यसअघि कार्तिक २ र ३ गतेलाई तय गरिएको कार्यक्रम मंसिरमा सारिएको हो ।

परिवार कल्याण महाशाखा अन्तर्गत पोषण शाखा प्रमुख केदारराज पराजुलीले यसअघि निर्धारित समयभन्दा डेढ महिना ढिला भिटामिन 'ए' कार्यक्रम सञ्चालन गरिएकाले औषधिको समय मिलानका लागि मंसिरमा सारिएको बताए ।

उनले राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमँगै जुकाको औषधि र पोषण तत्वले बनेको बालभिटा खुवाउनुका साथै बालबालिकाको पाखुराको नाप लिइने बताउनुभयो । बालबालिकाहरूमा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यून गर्न नेपालमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम मार्फत ६ देखि ५९ महिनाका बालबालिकाहरूलाई भिटामिन 'ए' क्याप्सुल, १ देखि ५ वर्ष सम्मका बालबालिकाहरूलाई जुकाको औषधि र ६ देखि २३ महिनाका बालबालिकाहरूलाई बहुसूक्ष्म पोषक तत्व बालभिटा कार्यक्रम हुँदै आएको छ ।

पराजुलीका अनुसार वर्षमा २ पटक हुने यस कार्यक्रम अन्तर्गत २७ लाख बालबालिकाले भिटामिन 'ए' क्याप्सुल पाउनेछन् । साथै ६ लाख बालबालिकालाई बालभिटा र २४ लाख बालबालिकालाई जुकाको औषधि खुवाइँदै आएको छ । भिटामिन् ए कार्यक्रममा देशभरका करिव ५२ हजार स्वास्थ्य स्वंमसेविका सहभागी हुनेछन् ।

६ महिनादेखि ५ वर्षउमेर सम्मका बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्न नेपालमा २०५३ सालबाट भिटामिन 'ए' खुवाउन सुरू गरिएको हो । बालबालिकालाई जुकाको औषधि २०५८ र बालभिटा २०६६ सालदेखि खुवाउन थालिएको हो ।

# यि हुन् मुटु स्वस्थ राख्ने उपाय

तपाईं आफ्नो मुटुलाई स्वस्थ बनाउने सबालमा विभिन्न तत्वको महत्वपूर्ण भूमिका हुन्छन् । कतिपय कुराहरू आफ्नो काबु बाहिरको परिस्थितिमा पनि हुन्छ । जस्तै वंशानुगत समस्या रहेछ भने तपाईंले त्यसलाई परिबर्तन गर्न सक्नुहुन्छ । तपाईंको पारिवारिक पृष्ठभूमि मुटु रोगसम्बन्धी छ भने तपाईलाई यसको बढ्दो खतरा हुन्छ । मुटु रोगको खतरलाई न्यून गर्ने केही प्रमाणित उपाय यस प्रकार रहेका छन् ।

**धुमपानको आदत त्यागिदिनुहोस्**

पिउने आदतले मुटु रोगीलाई झनै असर गर्छ । गत वर्ष बेलातयका १० लाख मानिसहरूमा गरिएको एक अध्ययन अनुसार धुमपान गर्ने व्यक्ति अन्य भन्दा १० वर्ष अगाडि नै मर्ने गर्छन ४० वर्ष अगाडि नै धुमपान गर्न छोडिदिनु भयो भने तपाईरूंले यसलाई निरन्तरता दिदा भन्दा तपाई १० गुण बढी स्वस्थ हुने सम्भावना हुन्छ। मुटुको अतिरिक्त तपाईं स्वाश्सप्रशास, मुड, स्ट्रोक, डायबिटिज, क्यान्सर, रक्तप्रबाह लगायत अन्य समस्याहरूमा तीव्र सुधार हुन्छ ।

**तौल घटाउनुहोस्**

मुटु रोग र अत्यधिक मोटोपनबीच पनि ठूलो सम्बन्ध रहेको छ । तौलमा हुने बृद्धिले तपाईलाई टाइप २ डायबिटिजको खतरा मात्र ल्याउदैन मुटु रोगको खतरलाई बढाउछ। हिपमा भन्दा कम्मरमा बढी तौल छ भने तपाई स्वास्थका दृष्टिले अझै बढी जोखिममा पर्नुहुन्छ। यस्तो अवस्थामा ह्दयघात, उच्च रक्तचाप, सुगरको समस्या बढ्छ ।

**रातो मासु नखानु**

मुटु स्वस्थ बनाउन रातो मासु नखान विज्ञहरूले बताउदै आएका छन् । धेरै मात्रामा रातो मासु खानेमा मुटु रोगको खतरा २४ प्रतिशतले बढाउँछ । हरेक दिन ५० ग्राम परिष्कृत मासु खाने मानिसमा मुटु फेलियरको खतरा ८ प्रतिशत हुन्छ भने मृत्युको सम्भवाना ३८ प्रतिशत हुन्छ। रातो मासुले पेटसम्बन्धी अन्य रोग पनि निम्त्याउँछ ।

**थोरै नुन खाने**

अत्यधिक नुनको सेवनले रक्तचाप बढाउने जीवनको उत्तरार्द्धतिर मुटुको खतरा बढाउँछ। बयस्कहरूले दिनमा ६ग्राम भन्दा पनि न्यून (एक चिया चम्चा) नुन खानुपर्छ ।

**थाहा नगरपालिका**
**वडा कार्यपालिका कार्यालय**
वडा नं. ४ शिखरकोट, मकवानपुर

**कोटेशन माग सम्बन्धमा**

सुचना प्रकाशित मिति: २०७७/०६/१९

थाहा नगरपालिका वडा नम्बर ४ को आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत खुमल सेतो, कार्डिनल र कुफ्रिज्योति जातको पि.बि.एस. आलुको बीउ कृषकहरुका लागि वितरण गर्न खरिद गर्नुपर्ने भएको हुँदा यस कार्यालयलाई उपलब्ध गराउन इच्छुक सहकारी, कृषि फर्म, कम्पनी तथा व्यक्तिहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्धदिन भित्र यस कार्यालयमा तपशिलको कागजात सहित उपलब्ध गराउन सक्ने दररेट (कोटेशन) पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक परिमाण : ६० हजार दाना
बजेट : रु. १०,००,०००/- (दश लाख)

आवश्यक कागजातहरू:
१. निवेदन
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म र कृषि कम्पनी हो भने सोको दर्ताको प्रमाणपत्रको प्रतिलिपीहरु
३. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

थप जानकारीका लागि:
९८४५०७२०६३ र ९८४५८१६२४१

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**इन्द्रायणी चौर, मकवानपुर**
शिक्षा शाखा

**लेखापरीक्षक सूचीकृत हुन दरखास्त दिने सूचना !**

सूचना प्रकाशित मिति: २०७७/०६/१३

थाहानगर शिक्षा समितिको २०७७/०६/१२ को निर्णयानुसार यस थाहा नगरपालिका अन्तर्गत सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको आर्थिक वर्ष २०७६/०७७ र सो भन्दा अगाडिको लेखापरीक्षण गर्न योग्य रजिष्टार्ड लेखापरीक्षकहरुलाई यस थाहा नगरपालिकामा सूचीकृत हुन दरखास्त आव्हान गर्ने निर्णय भएको हुँदा यो सूचना प्रकाशति भएको मितिले १५ दिन (२०७७/०६/२७) भित्र तपशिल बमोजिमका कागजातसहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:
१. लेखापरीक्षक प्रमाणपत्र र लेखापरीक्षक संघको सदस्यता प्रमाणपत्र र सोको अद्यावधिक गरिएको प्रतिलिपी
२. आर्थिक वर्ष २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
३. कुनै सरकारी नोकरीमा कार्यरत भएको भए लेखापरीक्षण गर्न पाएको विभागिय स्वीकृतीको प्रतिलिपी र कुनै सरकारी सेवामा नरहेको हकमा कुनै पनि सरकारी सेवामा कार्यरत छैन भन्ने प्रतिवद्धता पत्र ।
४. लेखापरीक्षणको कशुरमा कारबाही नभएको प्रतिवद्धता पत्र।
५. थाहानगरपालिका भित्र स्थायी ठेगाना भएका दर्तावाल लेखापरीक्षकको हकमा व्यवशाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

**थाहा नगरपालिका**
**वडा कार्यपालिका कार्यालय**
वडा नं. ३ शिखरकोट, मकवानपुर

**कोटेशन माग सम्बन्धमा**

सुचना प्रकाशित मिति: २०७७/०६/१९

थाहा नगरपालिका वडा नम्बर ३ को आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत खुमल सेतो, कार्डिनल र कुफ्रिज्योति जातको पि.बि.एस. आलुको बीउ कृषकहरुका लागि वितरण गर्न खरिद गर्नुपर्ने भएको हुँदा यस कार्यालयलाई उपलब्ध गराउन इच्छुक सहकारी, कृषि फर्म, कम्पनी तथा व्यक्तिहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्धदिन भित्र यस कार्यालयमा तपशिलको कागजात सहित उपलब्ध गराउन सक्ने दररेट (कोटेशन) पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक परिमाण : ३० हजार दाना
बजेट : रु. ५,००,०००/- (पाँच लाख)

आवश्यक कागजातहरू:
१. निवेदन
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म र कृषि कम्पनी हो भने सोको दर्ताको प्रमाणपत्रको प्रतिलिपीहरु
३. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

थप जानकारीका लागि:
९८५५०८९३०३ र ९८४५८१६२४१

## थाहानगरमा चार......

सो शीत भण्डारमा मुख्य गरी आलु राख्ने गरिएको छ ।

सहकारीले संचालन गरेको उक्त शीत भण्डारबाट वार्षिक करिब तीनसय किसानले लाभ लिइरहेको व्यवस्थापक विडारीले बताए । शीतभण्डारमा कृषि जे.टि.ए. एकजना सहित दुईजनाले पूर्णकालिन र ६ जनाले आशिंक रोजगार समेत पाएका छन् ।

### अघि सर्दै मैना

कोल्ड स्टोर (शीतभण्डार) नभएर सास्ती खेपेका थाहा नगरपालिका किसानलाई थाहा-२ मा संचालनमा आएको मैना कृषि सेवा प्रालिले सेवा शुभारम्भ गरेको छ । फाँटबजारमा निर्माणसंगै संचालनमा समेत अघि सरेको मैनाले चालु आर्थिक वर्षबाटै कोल्ड स्टोर पनि संचालनमा ल्याएको छ ।

'३ करोडको लगानीमा कोल्ड स्टोर सञ्चालनमा आएको हो,' मैना कृषि सेवा प्रालिका सञ्चालक राधाकृष्ण विष्टले भने,'चेम्बर प्रविधिको शीतभण्डारले ३ रोपनीको क्षेत्रफल ओगटेको छ ।' १२ हजार बोराको क्षमताको शीत भण्डारले आलु, प्याज र गोलभेडाको भण्डारण गर्न सकिने भएको छ । 'भण्डार सञ्चालनमा आएपछि चर्को मूल्यमा तिरेर जिल्ला बाहिर लगेर भण्डारण गर्नुपर्ने समस्या हट्ने संचालक विष्टले बताए ।

उनले भने,'स्थानीय स्तरमा उत्पादित आलुको भण्डारण गरी बजारमा आलुको माग भएका बेला बिक्री गर्न सकिने भएकाले कृषकले उचित मूल्य प्राप्त गर्ने लक्ष्य सहित शीत भण्डार बनाएका हौँ ।' भण्डारबाट पाँचजनाले प्रत्येक्ष रोजगार पाउने र थाहानगरका करिव एक हजार किसान लाभान्वित हुने उनको भनाइ छ ।

यसैबीच थाहा नगरपालिका वडा नम्बर ४ मा आ.व. २०६०/०६१ बाट निर्माण थालिएको ऋषेश्वर शीत भण्डार अझै पूर्ण हुन सकेको छैन । निजी क्षेत्रको समेत लगानीमा निर्माण प्रारम्भ भएको उक्त शीत भण्डार अलपत्र अवस्थामा रहेको छ ।



# 'जनप्रतिनीधि' विमोचन

◆ विकास संवाददाता

फोटो नेपालद्धार प्रकाशित पुस्तक 'जनप्रतिनिधि बागमती प्रदेस' सार्वजनिक भएको छ । बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेलले पुस्तकको बिमोचन गरेका हुन् ।

एक हजार ६६८ पृष्ठको पुस्तकमा एक हजार ५५६ जना जनप्रतिनिधिको बिबरण समावेश रहेको फोटो नेपालले जनाएको छ । पुस्तक बिमोचन गर्नुहुँदै मुख्यमन्त्री पौडेलले सबै क्षेत्रलाई आवश्यक सूचना एकै पुस्तकवाट प्राप्त हुने बिवरणको पुस्तक समयको अवश्यकता भएको बताए । निर्वाचित प्रतिनिधिको ऐतिहाँसिक दस्तावेज सवैकालागि महत्वपूर्ण सूचना स्रोत हुने विश्वास ब्यक्त गरे । आम नागरिकलाई आवश्यक सूचना प्रदान गर्न सक्ने पुस्तक सवै स्थानिय तहको हरेक टेबलमा आवश्यक रहेको बताए ।

कोरोना संक्रमण जोखिम कायमै रहेको अवस्थालाई मध्यनजर गर्दै पुस्तक बिमोचन जुम बाट गरिएको संस्थाका अध्यक्ष कृष्णप्रसाद तिमल्सिनाले जानकारी दिए । एक वर्ष भन्दा बढी समयको प्रयत्नबाट बागमती प्रदेशका सबै जनप्रतिनिधिको विवरण सहितको पुस्तक प्रकाशन गरिएको सामेत उनले बताए । पुस्तकमा राष्टिय सभा, प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यहरू, जिल्ला समन्वय समिति, स्थानिय तहका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, वडा अध्यक्ष र वडा सदस्य समेतको आफ्नो पृष्ठभूमि र योजना सहितको ब्यक्तिगत बिवरण समावेस रहेको पुस्तक प्रकाशन परियोजना संयोजक बिदुर आचार्यले जानकारी दिए ।

पुस्तकमा समावेश गरिएका बिवरण मकवानपुरबाट शिवकुमार काशी, चितवनबाट शालिग्राम नेपाल, सिन्धुलीबाट कृष्जला पुलामी, रामेछापबाट नवराज श्रेष्ठ, दोलखाबाट नवीनकुमार खतिवडा, सिन्धुपाल्चोकबाट यज्ञ दंगाल, काभ्रेपलाञ्चोकबाट सन्तोष चौलागाई, काठमाण्डौबाट जयसिह महरा र जमुना धमला, ललितपुरबाट शिवहरी घिमिरे, धादिङबाट महेश्वर सुबेदी, रसुवाबाट अनु आचार्य र गीता न्यौपाने, नुवाकोटबाट रामहरी न्यौपाले संकलन गरेका थिए ।

# 'काठमाडौं उपत्यका आठौं प्रदेश बन्न लागेको हो ?'

◆ विकास संवाददाता

संघीय सरकारले प्रहरी समायोजनको विषयमा प्रदेशको संवैधानिक अधिकार कटौती गरेको भन्दै बागमती प्रदेश सरकार विरोधमा उत्रिएको छ । बागमती र संघीय सरकारबीच लामो समयदेखि उपत्यकाका तीनवटै जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरको शान्ति सुरक्षाको विषयलाई लिएर टकराव जारी छ ।

संघीय सरकारले प्रदेशको अधिकार कटौती गरेर उपत्यकाको शान्ति सुरक्षासम्बन्धी अधिकार आफू मातहत ल्याएपछि बागमती सरकारले असन्तुष्टि जनाएको हो । नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐनलाई गत १२ असोजमा सरकारले अध्यादेशमार्फत संशोधन गर्दै उपत्यकाको शान्ति सुरक्षा, अपराध, अनुसन्धानलगायत कार्य केन्द्र सरकार मातहतको नेपाल प्रहरीले गर्ने व्यवस्था गरेको थियो ।

बागमती सरकारले प्रदेशको संवैधानिक अधिकारअनुसार उपत्यकासहित १३ वटै जिल्लाको शान्ति सुरक्षा आफू मातहत र हनुपर्ने बताउँदै आएको थियो । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्मकट्टेलले संघीय सरकारले नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय गर्न बनेको ऐनको अध्यादेशमार्फत गरेको संशोधनले प्रदेश प्रहरीका तीनवटा जिल्लाको क्षेत्राधिकार कटौती गरेको प्रतिक्रिया दिए । संघीय सरकारको यो कदम संविधान सम्मत नभएको उनले जिकिर गरे । संघीय सरकारले उपत्यकालाई अघोषित रूपमा अकी आठौं प्रदेश बनाएको मन्त्री जम्मकट्टेलको आरोप छ । उनले प्रदेशको अधिकारका लागि संवैधानिक र कानूनी लडाइँ लड्ने पनि बताए ।

मन्त्री जम्मकट्टेलले भने, 'प्रहरी समायोजनका नाममा प्रदेशको अधिकार मा हस्तक्षेप गरेर संघीय सरकारले काठमाडौं उपत्यकालाई आठौं प्रदेश बनाउन लागेको हो भने हामी यसविरूद्ध कानुनी र संवैधानिक लडाइँ गर्छौं ।' संविधानले दिएको अधिकारको थपघट संविधान संशोधनबाट मात्र गर्न सकिने र संसदले बनाएको कानुनलाई अध्यादेशबाट संशोधन गरेर संविधानले दिएको अधिकार लाई थपघट गर्न नसकिने धारणा मन्त्री जम्मकट्टेलको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# कुन्छालमा खानेपानी उपभोक्ता समिति



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १ कुन्छालगाउँको खानेपानी समस्या समाधानका लागि पहल शुरू भएको छ । १७ असोजमा कुन्छाल डबलीमा भएको भेलाले कुन्छाल खानेपानी उपभोक्ता समिति गठन गरिएको छ ।

भेलाले अध्यक्षमा राम प्रसाद गोपालीलाई चयन गरेको छ । समितिको उपाध्यक्षमा प्रेम बहादुर गोपाली, कोषाध्यक्ष रश्मि गोपाली र सचिवमा सञ्जय गोपालीलाई चयन गरेको छ ।

समितिको सदस्यहरूमा सुमन गोपाली, पुजा गोपाली र सुवर्ण गोपाली रहेका छन् । विगत केही समयदेखि देखापरेका खानेपानीको समस्या र नयाँ योजनाको प्रारम्भ लगायत विभिन्न प्रस्ताव माथि भेलामा छलफल भएको थियो ।

# झम्केश्वरी मावि र कृषि विज्ञान केन्द्रबीच जग्गा भोगाधिकार सम्बन्धी सम्झौता



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १ मा रहेको झम्केश्वरी मावि र कृषि विज्ञान केन्द्रबीच जग्गा भोगाधिकार सम्बन्धी सम्झौता भएको छ । वि.सं. २०७४ सालबाट कृषि तथा वन विज्ञान विश्वविद्यालय अनुसन्धान तथा प्रसार निर्देशनालय रामपुर क्याम्पस चितवनले संचालनमा ल्याएको कृषि विज्ञान केन्द्रका लागि विद्याललयले १० रोपनी जग्गा दिने सम्झौता गरेको हो ।

सम्झौतामा कृषि तथा वन विज्ञान विश्वविद्यालयका निर्देशक प्रोफेसर डाक्टर नवराज देवकोटा र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप प्रधानले हस्ताक्षर गरेका छन् ।

थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्ट, वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपाली लगायतको रोहवरमा भएको जग्गा भोगाधिकार हस्तान्तरण कार्यत्रममा झम्केश्वरी मावि व्यवसथापन समितिका पूर्व अध्यक्षहरू घनश्याम अमात्य, धर्म प्रधान, थाहा नगरपालिकाका रानीतिक सल्लाहकार विष्णु विष्ट, थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान, वडा नम्बर १ का सदस्य सुन्दरमान प्रधान, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू रीता प्रधान, गिता लामिछानेलगायतकाको उपस्थिती रहेको थियो ।

कृषि विज्ञान केन्द्र पालुङ्की कृषि विकास अधिकृत अमिता पण्डेयले संचालन गरेको उक्त कार्यक्रममा नगर प्रमुख लवशेर विष्ट, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप प्रधान, प्रधानाध्यापक उद्धव आचार्यलगायतले मन्तव्य व्यक्त गरेका थिए । उक्त अनुसन्धान केन्द्रमा कृषि तथा वन सम्बन्धी अनुसन्धानात्मक कार्य हुने कृषि प्राविधिक संगिता खतिवडाले जानकारी दिइन् । कार्यक्रम कृषि तथा वन विज्ञान विश्वविद्यालयका निर्देशक प्रोफेसर डाक्टर नवराज देवकोटाको सभाध्यक्षतामा भएको थियो ।

# आगामी वर्ष हुने क्षेत्र 'ख' शुभारम्भ

मकवानपुरको थाहा नगरपालिकामा आगामी वर्ष हुने नेपाल जेसीज क्षेत्र 'ख' सम्मेलनको तयारी शुरू गरिएको छ । ४१ औं विश्व पर्यटन दिवसको अवसरमा दामनमा पालुङ जेसीज र थाहा नगरपालिकाको संयुक्त आयोजनामा एक अन्तरक्रिया तथा परामर्श कार्यक्रमको आयोजना गरी पालुङ जेसीजले सम्मेलनको तयारी शुरू गरेको हो ।

करिब ५ सय युवाहरूको सहभागितामा हुने सम्मेलन भव्यरूपमा सफल पार्न अहिलेदेखि नै तयारी थालिएको पालुङ जेसीजका अध्यक्ष मनोज रायमाझीले बताए । नेपालकै सबैभन्दा लामो फलामे भ्याङसहितको प्राकृतिक टावरमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी सरोकारवाला सबैको प्रतिवद्धता लिइएको अध्यक्ष रायमाझीको भनाइ रहेको छ ।

थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नगर प्रमुख विष्ट, उपप्रमुख खड्ग गोपाली, थाहा नगरपालिकाका राजनीतिक सल्लाहकार विष्णु विष्ट, पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकाल, थाहा नगर उद्योग वाणिज्य संघका महासचिब सुरेन्द्रमान प्रधान, थाहा होटल एसोसिएसनका कोषाध्यक्ष सुमन विष्ट, पालुङ जेसीजका निवर्तमान अध्यक्ष कुमार नेगी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## जगडाँडाका किसानको

# सम्वृद्धिको "जग" भैसीपालन



जगडाँडाकी किसान पद्मा थापा

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका-१२ स्थित जगडाँडाका किसानले जसोजतो गोठ बनाए पनि भैँसी नहुँदा दुखी थिए । बालबालिकाले त झन् दही दुधको रंङ नै बिर्सिसकेका थिए । एक वर्षअघि गोठ तयार पारेका उनीहरूसँग भैँसी किन्ने क्षमता थिएन । गोठमा २/४ वटा पाठा र कुखुरा पालेर बसेका थिए ।

एउटा लैनो भैँसीको एक लाखभन्दा बढी मूल्य पर्ने भएपछि रित्तो गोठ हेर्दै मन थामेका किसान अहिले दिनभर भैँसीको स्याहारमा व्यस्त छन् । थाहा नगरपालिका कार्यालयले किसानलाई अनुदानमा रोजेरै भैँसी दिएपछि उनीहरूको दिनचर्या फेरिएको छ । चालू आर्थिक वर्ष ०७७/७८ को सुरूवातमै थाहानगरले विपन्न किसानलाई रोजेरै भैँसी उपलब्ध गराउने योजना अघि सारेपछि अहिले जगडाँडाको मगरबस्तीमा जीविकोपार्जनसमेत सहज बनेको छ ।

थाहाले भैँसी उपलब्ध गराएपछि जीविकोपार्जन मात्र होइन, दिन बिताउनसमेत सहज भएको जगडाँडाका किसान कृष्णबहादुर आले मगर बताउँछन् । भैँसी पाएपछि दैनिक सात लिटर दूध बेचेर बिहान-बेलुकाको छाक टार्न समस्या नभएको उनको भनाइ छ । कृष्ण बहादुरसँगै भैँसी पाएका अर्का किसान हुन्-प्रेमबहादुर आलेमगर । जग्गा कम भएका कारण तरकारी मात्र बेचेर जीवन धान्नसमेत धौधौ परेको दुखेसो गर्ने आफ्नो परिवारमा अहिले जीविकोपार्जनमा कुनै समस्या नभएको उनको भनाइ छ ।

भैसीपालनमा नगरपालिका र कृषि विकास बैंक पालुङ शाखाको साथ पाएपछि उनीहरूले सयपत्री पशुपालन समुह गरे । ३० घरका किसान संगठित भएका किसानहरूको नेतृत्व क्षेत्रबहादुर आलेमगरले गरेका छन् । उच्च रक्तचापका कारण अपाङ्गता भएका क्षेत्र बहादुर गाउँकै नेतृत्व गर्न तम्सीदा उनलाई सबै गाउँलेको साथ पाए । समूहका ३० जना मध्ये २० जना किसानहरूले गोठमा भैसी भित्र्याइसकेका छन् । बाँकी १० जना किसान पनि भैसी किन्ने सोचमा छन् । कृषक दुर्गाबहादुर आलेमगर पहिले-पहिले बगेर्नो भैसी पालेर भैनो बनाएर बेच्ने गरेको सम्झन्छन् । उनी भन्छन्-'२ पैसाको खाँचोले बढि मुल्य आउने भएसी लैनो बनाएर बेच्ने गर्थ्यौं ।' बल्ल थााहा भो, बेचेरै भैसीको मूल्य उठ्ने पाडापाडी र माउ नाफा हुने दुर्गा बहादुर बताउँछन् ।

## भैसीपालन गर्ने किसानलाई थाहानगरको अनुदान

जगडाँडामा भैसीपालनमा सबै पुरूषहरू नै अग्रसर छन् । विहान उठेर कुँडोपानी देखि दुहुने फुने सबै पुरूषहरू नै छन् । महिलाहरूले भने भान्साको कामको साथै सघाउने भने गरेको पद्मा थापा बताउँछिन् । आफूहरू बालबच्चाको स्याहारको साथै गोठमा हिलोभकारोमा समेत सहयोग गर्ने गरेको थापाको भनाइ छ ।

नगरपालिकाले लैनो भैसी खरिदमा सहयोग गरेपछि वडले किसानलाई प्रोत्सान गर्न बजेट विनियोजन गरेको १२ नम्बर वडा अध्यक्ष मानबहादुर स्याङ्तान बताउँछन् । भैसीपालन गर्ने किसानहरूलाई प्रतिस्पर्धी बनाई उनीहरूको मिहिनतलाई पुरस्कार सहित उत्साह थप्न बजेट विनियोजन गरिएको गरिएको लगानीले मुलुककै सम्वृद्धिमा इटा थप्न जगडाँडाबासी सक्षम भएको प्रमुख ढुङ्गानाको भनाइ छ ।

थाहाले नगरपालिकाले २५ प्रतिशत अनुदान उपलब्ध गराउने गरी किसानको २५ प्रतिशत लगानी र कृषि विकास बैंक लिमिटेडको समन्वयमा पाँच प्रतिशत ब्याजदरमा ५० प्रतिशत कर्जा दिँदै २० जना किसानलाई भैँसी किनिदिएको हो । मगरबस्तीका २० जना किसानलाई धादिङबाट राजेरै भैँसी दिएको थाहा नगर प्रमुख लवशेर विष्टले जानकारी दिए ।

एकवटा भैँसीको एक लाख ४० हजार सम्मका दरले २० वटा भैँसी खरिद गर्न नगरपालिकाले नौ लाख अनुदान रकम छुट्याएको विष्टले बताए । विपन्न किसानका लागि एउटा भैँसी मात्र भए



जगडाँडामा क्रियाशील सयपत्री पशुपालन समूहका अध्यक्ष क्षेत्रबहादुर आलेमगर

अध्यक्ष स्याङ्तानले बताए । थाहा नगरपालिका पशुसेवा शाखाले पनि जगडाँडाको भैसीपालक किसानका लागि विशेष प्राविधिक सहयोग रहने जनाएको छ । भैसीलाई स्वास्थ्य र अरू कुनै समस्या भए तत्काल पुग्ने गरी सेवा व्यवस्थापन गरिएको शाखाका निमित्त प्रमुख रूपेश कुमार मिश्रले बताए । भैसीका लागि उपचार तथा स्याहारमा किसानहरूसंगै दिनदिनै जसो सल्लाह र परामर्श दिने गरेको मिश्रले बताए । जगडाँडाको किसानहरूका लागि गरिएको लगानीप्रति कृषि विकास बैंक पालुङ शाखाका प्रमुख प्रकाश ढुङ्गाना पनि उधुमै खुशी छन् । फिल्डमै गएर हेर्दा किसानले गरेको मिहिनतमा लगानी गर्न पाउँदा आफूलाई खुशी लागेको उनले बताए । साँच्चै कृषिमा

पनि सामान्य जीविकोपार्जनमा सहज होस् भन्ने उद्देश्यका साथ यस्तो योजना अघि सारिएको उनको दाबी छ ।

किसानहरूको जीवनस्तर उकास्न नगरपालिकाले गरेको लगानी प्रभावकारी भएको नगर उपप्रमुख खड्ग गोपालीले बताए । भैसीपालक किसानहरूसंग भेटघाट गर्दै गोपालीले किसानहरूको उत्साह र मिहिनतको खुलेरै प्रशंसा गरे । 'नगरपालिकाले शतप्रतिशत अनुदान दिँदा किसानलाई अपनत्व महशुस नहुने र भैँसीको रेखदेखमा धेरै चासो नराख्ने हुँदा हामीले किसानको लगानीलाई प्राथमिकता दिएका हौं,' उनले भने, 'आगामी वर्षदेखि अनुदानको दर अझै बढाएर किसानलाई भैँसी उपलब्ध गराइनेछ ।'

# "कोरोना जित्नेको कथा"

मनोज तितुङ



विगत केही समय यता विश्वभर कोरोनाले जनजीवनलाई सास्तीमा बदलेको छ । अर्थात, कोभिड–१९ का कारण दु:ख पाउँदै आएका छन् । कोरोना ९कोभिड–१९० भन्ने रोग यस्तो भएर निस्कियो कि कोरोनाबाट कुन देश, कुन महादेश, कुनै सहर कुनै गाउँ कुनै टोल पनि बाँकी छैन । सबै भन्दा पहिला चीनमा बुवाङ सिटिमा देखिऐ थियो । त्यसपछि चीनमा मात्र नरही विश्वलाई नै हालसम्म त्रास बनाई रहेको छ ।

कोरोना भाइरसको डर त्रासमा परिहरनु भएका सम्पुर्ण साथीहरूलाई धैर्य धारणा गर्न र आत्मबल बलियो बनाएर रोगको विरूद्ध लड्न सबै सबैमा हार्दिक अपिल गर्दछु । विश्व्यापी रूपमा फैलिएको कोरोना भाइरसको गतिविधि हेर्ने हो भने अहिले अधिकांश देशमा फैलिसकेका छन् । हाल विश्व भर उपचाररत रहेका सम्पुर्ण बिरामीहरूको धैर्यता पुर्वक बसी स्वास्थ्य लाभको कामना गर्दछु ।

यद्यपी यो जति नै हल्ला र भ्रमहरू फैलाइएको छ । त्यस्तो चै पटक्कै होइन रहेछ जस्तो भन्ने मेरो १५ दिनको आइसोसन बसाईको अनुभव हो । मलाई फोन, म्यासेज मार्फत मेरो स्वास्थ्य अवस्था बुझ्नु हुने, अनि भेट्न आउनुहुने सम्पुर्णमा धेरै धेरै धन्यवाद दिन चाहान्छु । यो हौसला मलाई पक्कै पनि कुनै प्राण घातक रोगको निदान गर्ने ओखती भन्दा कम प्रभावकारी भएको पक्कै थिएन । तपाईहरूको साथ सहयोगले गर्दा आज मैले कोरोना मुक्त भै फर्कन पाए छु ।

मलाई कोरोनाले भाईरसले कसरी आक्रमण गऱ्यो पत्तो पाउन नपाई कोरोनालाई सजिलै जित्न सकियो । मैले कोरोना भनेको सामान्य रोग जस्तै अनुभव गरे । तर डाक्टरहरूको भनाई अनुसार जुन मान्छेहरूलाई दीर्घरोग जस्तै निमोनिया, क्यान्सर, ग्यास्टिक, प्रेसर, दम जस्ता रोगले सताइरहेका व्यक्तिहरूलाई चाहिँ बढी पीडित हुन्छन् । तर मेरो बिचारमा अहिले हालसम्म त्यस्तै मान्छेहरूले उपचार नपाएर ज्यान गुमाएका हुन सक्छ ।

जीवनमा कोरोना लागेको अनुभव गरियो । कोरोना सामान्य रोग रहेछ लक्षण बिना पनि संक्रमण हुने रहेछ । चिन्ता नलिनु होला । यो रोग भनेको समान्य रूघा, खोकी अनि ज्यरो जस्तै हो रहेछ । मलाई यो क्षणमा सहयोग तथा शिघ्र स्वास्थ लाभको कामना गर्नुहुने सम्पुर्ण स्वास्थ्कर्मी, साथीभाई, आफन्तजनमा हार्दिक आभार प्रकट गर्न चाहान्छु । विशेषगरी भीमफेदी गाउँपालिकाका सम्पुर्ण स्वास्थकर्मी, जनप्रतिनिधि तथा कर्मचारी ज्युहरूलाई हार्दिक धन्यवाद ।

## १२ परामर्शदाताको आशयपत्र दर्ता

भीमफेदी–कुलेखानी सुरूङ (पोस्टबहादुर बोगटी सुरूङमार्ग) निर्माण गर्न १२ वटा अन्तर्राष्ट्रिय परामर्शदाताले आशयपत्र दर्ता गराएका छन् । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले सुरूङमार्गको परामर्शदाता छनोटका लागि भदौ १ मा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो ।

'विभिन्न मुलुकका १२ वटा कम्पनीले परामर्शदाताका निम्ति आशयपत्र दर्ता गराएको मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर एवं मन्त्रालयका प्रवक्ता नवीनकुमार सिंहले जानकारी दिए ।

'१२ मध्ये ६ वटा लिस्टिङ गर्छौं, त्यसपछि उनीहरूलाई पत्र पठाउँछौं,' उनले भने । परामर्शदाता छानिसकेपछि ढिलोमा माघभित्र सुरूङको टेन्डर निकाल्ने तयारीमा प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय छ ।

---


***थाहा नगरपालिका***
***नगर कार्यपालिका कार्यालय***
***इन्द्रायणी चौर, मकवानपुर***
कृषि विकास शाखा

### कृषकहरुका लागि अनुदान सम्बन्धी सूचना !

*सुचना प्रकाशित मितिः २०७७/०६/०९*

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आलुबालीमा साना व्यवशायिक उत्पादन केन्द्र (पकेट) संचालन गर्नुपर्ने भएकोले थाहा नगरपालिका भित्रका कृषक समुह/कृषि सहकारी/कृषि फर्म र कृषि कम्पनीहरुले आवश्यक कागजातसहित यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरुः
१. निवेदन–१ थान (थाहा नगरपालिका कृषि विकास शाखाबाट उपलब्ध हुने ।)
२. समूह/कृषि सहकारी/कृषि फर्म र कृषि कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी–१ थान
३. समूह र सहकारीको हकमा निर्णय प्रतिलिपी–१ थान
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ थान
५. कर चुक्ता रसिदको प्रतिलिपी–१ थान
६. कार्यक्रम संचालनको लगत स्टीमेट–१ थान
७. उपभोक्ताहरुको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी (कम्तीमा १४० रोपनीको प्रमाणपत्रको प्रतिलिपी)

नोटः कार्यक्रम संचालन प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल अनुसार हुनेछ ।


---


***थाहा नगरपालिका***
***नगर कार्यपालिका कार्यालय***
***इन्द्रायणी चौर, मकवानपुर***
कृषि विकास शाखा

### कृषकहरुका लागि सूचना !

*सुचना प्रकाशित मितिः २०७७/०६/१२*

यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार फलफूल दशक अन्तर्गत स्थानीय तहमा ओखर विरुवा रोपन कार्यक्रम अभियान ५० प्रतिशत (खाल्डो खन्ने, पुर्ने र मल मिसाउने सहितको) अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकोले तपशिलको लक्षित वर्गहरुले आवश्यक कागजातसहित रीतपूर्वक यो सुचना प्रकाशित मितिले ३० दिनभित्र कृषि विकास शाखामा निवेदन पेश गर्नका लागि यो सुचना प्रकाशन गरिएको छ ।

लक्षितवर्ग/समूह
- भूमिहिन कृषक/करार खेती
- व्यवशायिक कृषक
- विदेशबाट फर्केका युवाहरु
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सूचीकृत भएका युवाहरु
- निजी कृषि फर्म
- कृषक समूह/कृषि सहकारी
- स्थानीय युवा क्लबहरु
- स्थानीय उपभोक्ता समिति
- कम्पनी तथा अन्य संघसंस्थाहरु
- संघ, प्रदेश तथा स्थानीय तहबाट संचालन भएका अन्य विभिन्न कार्यक्रममा सूचीकृत कृषक

आवश्यक कागजातहरुः
१ निवेदन–१ प्रति
२. कृषक समूह/कृषि सहकारी प्रमाणत्रको प्रतिलिपी–१ प्रति
३. कृषक समूह/कृषि सहकारीको बैठक निर्णय प्रतिलिपी–१ प्रति
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
६. सम्बन्धीत वडा कार्यालयको सिफारिस–१ प्रति
७. भूमिहिन कृषक/करार खेती जमिनको ५० वर्षको करार सम्झौता पत्र–१ प्रति


---


नेपाल सरकार
***कृषि तथा पशुपक्षी विकास मन्त्रालय***
***प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना***
परियोजना कार्यान्वयन इकाई, मकवानपुर

### प्रस्ताव अव्हान सम्बन्धी सूचना !

सुचना प्रकाशित मितिः २०७७/०६/०७

आर्थिक वर्ष २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, मकवानपुर अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस परियोजनामा सुचिकृत इच्छुक कृषि समुह/सहकारी संस्था/कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन भित्र अर्थात मितिः २०७७/०७/०६ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीको लागि परियोजना कार्यान्वयन इकाई मकवानपुरमा सम्पर्क गर्न सकिनेछ।

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
१) रु १० को टिकट सहित माग निवेदन।
२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
३) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा पाँच बर्षको र निर्माण पुर्वाधारका लागि १० बर्षको सम्झौतानामा।
४) कार्यसमितिको निर्णयको प्रतिलिपि।
५) स्थाई लेखा नम्वर(PAN) दर्ताको प्रतिलिपि।
६) परियोजना कार्यान्वयन इकाईबाट उपलब्ध गराईएको ढाँचामा लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना।
७) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
८) अन्य निकायबाट सोहि प्रकृतिको कामबाट लाभाम्वित नभएको र दोहोरो नपर्ने प्रतिबद्धता ।

| क्र.स. | कार्यक्रमको नाम | परिमाण | स्वीकृत बजेट रु लाखमा | जम्मा अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी क्षेत्र विस्तार कार्यक्रम | १०० हे. | ३० | लागतको ५० प्रतिशत अधिकतम प्रति हेक्टर रु ३० हजार सम्म | यस आ.व.मा थप तरकारी खेती हुने क्षेत्रफल (तरकारी जोन क्षेत्रमा) |
| २ | चक्लाबन्दीमा पकेट ब्लक जोन सञ्चालनका लागी सहकारी निजी क्षेत्र बाट माग सकलन सम्भाब्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ४ बटा | ४० | १० लाख प्रति चक्लाबन्दी | चक्लाबन्दी जिल्ला भरी सञ्चालन गर्न सकिने। |

विस्तृत जानकारीको लागिः
परियोजना कार्यान्वयन इकाई, मकवानपुर, पालुङ सम्पर्क नं. ९८५५०१५४१८ र ९८४५०८८२४० **Email:** pmamp.piu.makwanpur@gmail.com


---


***थाहा नगरपालिका***
***नगर कार्यपालिका कार्यालय***
***इन्द्रायणी चौर, मकवानपुर***
कृषि विकास शाखा

### कृषकहरुका लागि अनुदान सम्बन्धी सूचना !

*सुचना प्रकाशित मितिः २०७७/०६/०८*

थाहा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा प्राङगारिक खेती प्रवर्द्धन कार्यक्रम १५०० वर्ग मी. मा यु.भि. प्लाष्टिकसहित बाँसको टनेल, थोपा सिंचाई, मल्चिङ, इन्सेक्ट नेट, गोठ सुधार र भर्मी कम्पोष्ट (गड्यौला मल) कार्यक्रम संचालन गर्नुपर्ने भएकोले थाहानगर भित्र इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कृषि कम्पनीहरुले तपशिलमा उल्लेखित कागजातहरु सहित यो सुचना प्रकाशित मितिले ३० दिन भित्र कृषि विकास शाखामा निवेदन पेश गर्नका लागि यो सुचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरुः
१. निवेदन–१ प्रति
२. कृषक समूह/कृषि सहकारी, कृषि फर्म दर्ता तथा कृषि कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी–१ थान
३. कृषक समूह/कृषि सहकारीको बैठक निर्णयको प्रतिलिपी–१ प्रति
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
६. सम्बन्धीत वडा कार्यालयको सिफारिस प्रतिलिपी–१ प्रति

*नोटः रासायनिक मल र रासायनिक विषादी प्रयोग गर्न पाइने छैन ।*

अन्य थप जानकारीका लागि ९८४५१०३३४१ र ९८४५०७२२०० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी